# नेपाल प्रज्ञा-प्रतिष्ठान

कमलादी, काठमाडौं

## छपाइ कागज खरिद गर्नका लागि सिलबन्दी

## बोलपत्र फाराम - २०७५

मूल्य रु. १,०००।-

# नेपाल प्रज्ञा-प्रतिष्ठान

कमलादी, काठमाडौं ।

## छपाइ सम्बन्धी कागज खरिद गर्नका लागि सिलबन्दी बोलपत्र फाराम

श्रीमान् कुलपतिज्यू,
नेपाल प्रज्ञा-प्रतिष्ठान
कमलादी, काठमाडौं

**विषय :- सिलबन्दी बोलपत्र पेस गरेको बारे ।**

महोदय,

त्यस प्रतिष्ठानको मिति २०७५।१०।१६ र २० गतेको गोरखापत्रमा प्रकाशित सूचना अनुसार तपसिलमा उल्लिखत कागज तपसिलको दरमा त्यस प्रतिष्ठानलाई उपलब्ध गराउन इच्छुक रहेको हुँदा बोलपत्रमा उल्लिखित कुल जम्मा रकमको नियम बमोजिम २.५% ले हुन आउने धरौटी रकम रु. ...................................... (अक्षरेपि ...............................................................................मात्र) त्यस नेपाल प्रज्ञा-प्रतिष्ठानको कमलादी स्थित बैङ्क अफ काठमाडौंको धरौटी खाता नं. ०१००००००२८६९ एनपिआरमा जम्मा गरेको सक्कलै बैङ्क भौचर वा ६० दिने बैङ्क ग्यारेन्टी यसै साथ राखी प्रस्तुत गरेको छु । म यो सिलबन्दी सूचनाका सर्तहरू पूर्ण रूपमा पालना गर्नेछु । अन्यथा प्रचलित ऐन, नियम बमोजिम कारबाही भएमा मन्जुर गर्दछु ।

**तपसिल**

| क्र.सं. | सामानको स्पेसिफिकेसन | | सिलबन्दी बोलपत्रदाताको तर्फबाट भर्नुपर्ने | | |
|---|---|---|---|---|---|
| | सामानको नाम | परिमाण र एकाइ | प्रति एकाइ दर (मू.अ.कर. बाहेक) | जम्मा | |
| | | | | अङ्कमा | अक्षरमा |
| १. | २३"×३६" ७० ग्राम इन्डियन म्यापलिथो | ५०० रिम | | | |
| २. | २४"×३६" २५० ग्राम आर्ट बोर्ड पेपर (१२५ सिट=१प्याकेट) | ३८७५ सिट | | | |
| ३. | २०"×३०" ७० ग्राम इन्डियन म्यापलिथो | १२५ रिम | | | |
| ४. | २१"×३१" २५० ग्राम आर्ट बोर्ड पेपर (१२५ सिट=१प्याकेट) | १६२५ सिट | | | |
| | | | **जम्मा रकम** | | |
| | | | **१३% मू.अ.कर रकम** | | |
| | | | **कुल जम्मा रकम** | | |

फर्मको छाप :　　　　प्रोप्राइटरको नाम थर :　　　　दस्तखत :

सम्पर्क फोन :　　　　ठेगाना :　　　　मिति :

## नेपाल प्रज्ञा-प्रतिष्ठान

कमलादी, काठमाडौँ

## छपाइ कागज खरिद सम्बन्धी बोलपत्रदाताले पालना गर्नुपर्ने सर्तहरू :

१. सिलबन्दी बोलपत्र पेस गर्दा कबोल गरेको जम्मा रकमको २.५% ले हुने रकमको जमानत नेपाल प्रज्ञा-प्रतिष्ठानको बैङ्क अफ काठमाडौँको धरौटी खाता नं. ०१०००००२८६९ एनपीआरमा जम्मा गरेको सक्कलै बैङ्क भौचर वा ६० दिने बैङ्क ग्यारेन्टी पेस गर्नुपर्नेछ साथै बोलपत्र स्वीकृत भएपछि बोलपत्रदाताले आफूले कबुल गरेको अङ्कको बाँकी २.५ प्रतिशतले हुने रकम सोही धरौटी खातामा जम्मा गरेको सक्कल बैङ्क भौचर वा ६० दिन अवधि भएको बैङ्क जमानत (बिड बन्ड) पेस गर्नुपर्ने छ।

२. छपाइका लागि चाहिने कागज खरिदका लागि कुनै प्रकारको पेस्की प्रतिष्ठानले दिने छैन।

३. रु. १,०००।- (फिर्ता नहुने गरी) तिरी नेपाल प्रज्ञा-प्रतिष्ठानको पुस्तक बिक्री कक्षबाट बोलपत्र फाराम खरिद गर्न सकिनेछ र फाराम खरिद गर्दाको रसिद पनि बोलपत्र फारामसाथ पेस गर्नु पर्नेछ।

४. सिलबन्दी बोलपत्र फाराम प्रथम पटक प्रकाशित सूचनाको मितिले २१ औँ दिनमा कार्यालय समयभित्र नेपाल प्रज्ञा-प्रतिष्ठानको जिन्सी तथा प्रोक्योरमेन्ट शाखामा दर्ता गरिसक्नुपर्नेछ।

५. प्राप्त हुन आएका सिलबन्दी बोलपत्र फारामहरू दर्ता गर्ने म्याद सकिएको भोलिपल्ट दिनको १२ बजे प्रज्ञा-प्रतिष्ठानमा खोलिनेछ। सो दिन बिदा पर्न गएमा सोको भोलिपल्ट कार्यालय खुलेको दिनको १२ बजे खोलिनेछ।

६. बोलपत्र खोल्दा बोलपत्र दाताका तर्फबाट प्रोप्राइटर वा प्रतिनिधि उपस्थित नभएमा पनि तोकिएको मिति र समयमा खोलिनेछ।

७. नेपाल प्रज्ञा-प्रतिष्ठान, आर्थिक प्रशासन सम्बन्धी नियमावली २०६७ अनुसार रित पुगी आएका बोलपत्रहरूलाई मात्र प्रतिस्पर्धामा सहभागी गराइने छ।

८. रित पुगेका बोलपत्रहरूमध्ये सबैभन्दा कम रकम कबुल गर्ने कम्पनी वा फर्मको बोलपत्र स्वीकृत गरिनेछ।

९. सम्झौता बमोजिम काम पूरा गर्न नसकेमा धरौटी बापत राखेको रकम जफत गरी सम्झौता बमोजिम र प्रचलित ऐन कानुन बमोजिम कारवाहीका लागि प्रक्रिया अगाडि बढाइनेछ।

१०. बोलपत्र दाताले स्पेसिफिकेसन अनुसारको कागज उल्लिखित दरमा उपलब्ध गराउनुपर्नेछ।

११. बोलपत्रदाताले आपूर्ति गर्ने सामानको मू.अ.कर बाहेकको मूल्यदर बोलपत्र फारामको प्रत्येक एकाइमा अङ्क र अक्षरमा उल्लेख गर्नुपर्नेछ र यसरी भरिएको प्रत्येक एकाइको जोड जम्मा गरी त्यसमा १३ प्रतिशत मू.अ.कर रकम जोडी कुल रकम अङ्क र अक्षरमा उल्लेख गर्नुपर्नेछ।

१२. प्रतिष्ठानबाट भुक्तानी विलम्ब भएमा सो बापत सम्बन्धित बोलपत्रदातालाई कुनै ब्याज वा क्षतिपूर्ति दिइने छैन।

१३. उपर्युक्त सर्तहरूका साथै गोरखापत्र दैनिकमा २०७५।१०।१६ र २० मा प्रकाशित सिलबन्दी बोलपत्र आह्वानको सूचनामा उल्लेख भएका सर्तहरू बोलपत्रदाताले पालना गर्नुपर्नेछ।

१४. कागज प्रतिष्ठानबाट स्वीकृत स्पेसिफिकेसन बमोजिमको गुणस्तरयुक्त हुनुपर्नेछ। स्पेसिफिकेसन बमोजिम भए, नभएका सम्बन्धमा यस प्रतिष्ठानबाट गठित समितिबाट परीक्षण गराई स्वीकृत स्पेसिफिकेसन बमोजिम सामान नभएमा आपूर्तिकर्ताले फिर्ता लैजानु पर्नेछ र स्पेसिफिकेसन बमोजिमको सामान आपूर्ति गरी भुक्तानी लिनुपर्नेछ।

१५. सामान आपूर्ति गर्दा लाग्ने ढुवानी भाडा बोलपत्रदाता स्वयम्ले बेहोर्नुपर्नेछ। अन्य सर्तहरू बोलपत्र फाराममा, सूचनामा उल्लेख भए बमोजिम हुनेछन्।

**१६. बोलपत्र साथ पेस गर्नुपर्ने निम्नलिखित कागजातहरूको प्रतिलिपिमा नोटरी प्रमाणित गरेको हुनुपर्नेछ।**

क) फर्म दर्ताको प्रमाण-पत्र (नवीकरण समेत)

ख) मूल्य अभिवृद्धि कर (भ्याट) दर्ता प्रमाण पत्र तथा स्थायी लेखा नम्बरको प्रमाण-पत्र

ग) आ.व. २०७४/०७५ को कर चुक्ता प्रमाण-पत्र वा म्याद थपको पत्र

घ) कानुनले बोलपत्र पेस गर्नका लागि अयोग्य नभएको स्वयम् घोषणापत्र

१७. माथि उल्लिखित बाहेक अन्य कुराहरू नेपाल प्रज्ञा-प्रतिष्ठानको प्रचलित ऐन, नियम अनुसार हुनेछन्।

१८. बोलपत्र सम्बन्धी कुनै विवाद उठेमा दुवै पक्षको सहमतिले विवाद समाधान गरिनेछ। यसरी विवाद समाधान हुन नसकेमा प्रज्ञा-प्रतिष्ठानले गरेको निर्णय नै अन्तिम र मान्य हुनेछ।

# नेपाल प्रज्ञा-प्रतिष्ठान

कमलादी, काठमाडौँ

## छपाइ कागज खरिद सम्बन्धी सिलबन्दी बोलपत्र प्रस्तुत गर्ने दाताहरूको विवरण

१. कम्पनी, फर्म तथा संस्थाको नाम :

२. ठेगाना :

३. प्रबन्धक वा प्रोप्राइटरको नाम, थर :

४. मूल्य अभिवृद्धि कर (भ्याट) दर्ता नं. :

५. कम्पनी, फर्म तथा संस्था द. नं. र मिति :

६. सम्पर्क टेलिफोन नं. :

७. प्रबन्धक वा प्रोप्राइटरको हस्ताक्षर र मिति :

८. कम्पनी, फर्म वा संस्थाको छाप :